आज मिति २०७७ साल फागुन १८ गते मंगलबारको दिन ~~श्री~~ देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री लाल्मी प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका उपस्थितीमा तपशील बमोजिमका निर्णय गरियो।

उपस्थिती :

| | | |
|---|---|---|
| श्री लाल्मी प्रसाद मेहता | अध्यक्ष | |
| श्री पुनिता देवी यादव | उपाध्यक्ष | - |
| श्री सूर्य नारायण पाल | वडा अध्यक्ष वडा नं. १ | - |
| श्री मजलुम मियाँ | — " — | २ - |
| श्री अनिल कुमार भगत | — " — | ३ - |
| श्री चन्देश्वर प्रसाद मेहता | — " — | ४ - |
| श्री अशोक यादव | — " — | ५ - |
| श्री देवनारायण मेहता | — " — | ६ - |
| श्री बद्री प्रसाद यादव | — " — | ७ - |
| श्री रेखा देवी सरदार | कार्यपालिका सदस्य | - |
| श्री सोनी देवी यादव | — " — | - |
| श्री चन्द्रकला देवी दास | — " — | - |
| श्री राज कुमारी साह | — " — | - |
| श्री नरेश शर्मा | — " — | - |
| श्री महानन्द पाल | — " — | - |
| श्री चुडामणी गुरागाई | सदस्य सचिव | - |

आमन्त्रित :

| | | |
|---|---|---|
| श्री राकेश कुमार झा | समृद्धि आयोजना, इटहरी | - |
| श्री लोकेन्द्र रावल | समृद्धि आयोजना, धरान | - |
| श्री इमिल प्रधान | कृषि उद्यम केन्द्र/नेपाल उद्योग वाणिज्य महसंघ | - |
| श्री बर्षा तिमलसिना | समृद्धि आयोजना, धरान | - |
| श्री राम ब० भण्डारी | विश्वो तरकारी बिक्री केन्द्र इटहरी | |
| श्री जनार्दन प्रसाद मेहता | सूचना प्रविधि अधिकृत | - |
| श्री बाल कुमार श्रेष्ठ | क. अ. प्रशासन | - |
| श्री हरि नारायण मेहता | पशु शाखा प्रमुख | - |
| श्री उमेश प्रसाद मेहता | स्वास्थ्य शाखा प्रमुख | - |
| श्री जय प्रकाश मेहता | स्वकिय सचिव | - |

प्रस्तावहरू :

१. तरकारी व्यवसायीकरणको लागि कार्यनीति निर्माण सम्बन्धमा।
२. पालो-पहराको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा।
३. सुनसरी जिल्ला खेलकुद क्लबको निवेदन सम्बन्धमा।
४. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) सम्बन्धमा।
५. आर्थिक सहयोग सम्बन्धमा।
६. सन्तमत सतसंग वडा नं. ५ मा सहयोग सम्बन्धमा।

निर्णयहरू :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यो गाउँपालिका तरकारी उत्पादनको पकेट क्षेत्र भएको हुँदा सो लाई व्यवस्थित गर्न कार्यनीति आवश्यक भएको हुँदा गा.पा. बाट तरकारी व्यवसायी ~~करणको कार्यनीति~~ करण कार्यनीति निर्माण गर्न ७ (सात) दिन भित्रमा तथ्याङ्क संकलनको लागि ~~संविद्ध~~ समृद्धि आयोजना तर्फबाट प्रश्नावली तयार गरी पेश गर्ने र प्रश्नावाली प्राप्त भएपछि १० (दश) दिन भित्रमा प्रत्येक वडाबाट तथ्याङ्क संकलन गरी गा.पा.मा पेश गर्ने निर्णय गरियो साथै तथ्याङ्क प्राप्त भएपछि कार्यनीति निर्माणको कार्य अगाडि बढाउने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गा.पा.का सातवटा वडा कार्यालय र गाउँपालिकामा समेत रातिको समयमा पालो-पहराको लागि चौकिदारको आवश्यक भएको हुँदा गाउँपालिकाको अस्थायी/करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७६ अनुसार सात वटा वडा कार्यालयमा सात जना र गाउँपालिकामा हाल कार्यरत सहित चार जना गरी जम्मा एघार जना कार्यालय सहयोगी (चौकिदार) को व्यवस्थापनको लागि सूचना प्रकाशन गरी पदपुर्ती गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुनसरी जिल्ला खेलकुद क्लब, इनरुवा, सुनसरीले ~~क~~ जिल्ला स्तरीय कबडी कप प्रतियोगिता सञ्चालनको लागि प्रस्तावमा पेश गरेको हुँदा सो कार्यक्रम संचालनको लागि सहयोग स्वरुप रु. १५,०००/- (पन्ध्र हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो।

०१५

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा साना व्यवसायिक कृषि उत्पादन केन्द्रको पकेट कार्यक्रम ~~वडा नं.~~ सञ्चालनको लागि समूह, सहकारी र कृषि फर्मलाई प्रस्तावना पेशको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवनगञ्ज गा. पा. वडा नं. १ बस्ने, वर्ष ६० को मधुकुमार मेहता बिरामी भई आर्थिक सहयोग माग गरिएको हुँदा उपचार सहयोग स्वरूप रु. १५,०००/- (पन्ध्र हजार रूपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवनगञ्ज गा.पा. वडा नं. ५ स्थीत सन्तमत सतसंगको कार्यक्रम सञ्चालनको लागि रु. १५,०००/- (पन्ध्र हजार रूपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।